महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## शहिद लखन गाउँपालिका

### गोरखा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## शहिद लखन गाउँपालिका

### गोरखा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## शहिद लखन गाउँपालिका

### गोरखा


महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. ४९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख/अध्यक्ष ज्यू,
शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
गोरखा ।

**कैफियत सहितको राय**

हामीले शहिद लखन गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. शहिद लखन गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. १ करोड ७ लाख ३ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ३३ लाख १७ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १७ लाख २२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४५ लाख १० हजार, नियमित गर्नुपर्ने रु ५ लाख ८४ हजार र पेश्की ५ लाख ७० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ५ करोड ४२ लाख ९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ६ करोड १५ लाख ९५ हजार रहेको छ । शहिद लखन गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. शहिद लखन गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।शहिद लखन कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार) *(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३७ | ५७ | १०७०३ | ० | २६ | ३३१७ | ३७ | ३१ | ७३८६ | १७२२ | ५८४ | ४५१० | ० | ० | ५०९४ | ५७० |

१.२. प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १. | १९ | कट्टी रकम दाखिला नभएको | २४२२२ |
| २. | ३३ | पालिका क्षेत्र बाहिर अनुदान | ३११११११ |
| ३. | ३५ | सोझै खरिद | १४९८८८८ |
| ४. | ४३ | मृत्यु पश्चात भत्ता भुक्तानी | ६२०८८ |
| ५. | ४५ | शीर्षक फरक पारी खर्च | ५८०१८१ |
| ६. | ४६ | मापदण्ड विपरीत परामर्श खर्च भुक्तानी | २९७१९० |
| ७. | ४७ | गैर सरकारी संस्थाबाट तालिम सञ्चालन | ३००००० |
| ८. | ४९ | मनोज लामिछानेको छुट कर | ४९६० |
| ९. | ५५ | यातायात खर्च बढी भुक्तानी | ४९०० |
| १०. | ६३ | इन्टरनेट जडान अनुदान | १२००० |
| ११. | ६५ | पारिश्रमिक कर असूल गर्नुपर्ने | ६९३८० |
| १२. | ६६ | पाठ्यपुस्तक वितरण | १५२४६७ |
| | | **जम्मा** | **३३१७३८७** |

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९ *रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| शहिद लखन गाउँपालिका | ५४२०९ | ० | ० | ५४२०९ | ० | ७३८६ | ६१५९५ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : शहिद लखन गाउँपालिका, गोरखा , शहिद लखन गाउँपालिका , गोरखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बाबुराम मगर | २०७९-५-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सन्तोष लामिछाने | २०७६-८-१५ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ७,३८५,९३२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १५,०५,१८,२५१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४२,३४,४३,००० | **चालु खर्च** | ३८,६७,६७,६३५ |
| **प्रदेश सरकारबाट अनुदान** | २,६१,३५,५६५ | **पूँजीगत खर्च** | २०,००,७३,८३६ |
| **राजश्व बाँडफाँट** | ८,४४,३२,८७४ | **वित्तीय/अन्य व्यवस्था** | १६,३१,३७,२४६ |
| **आन्तरिक आय** | १,२६,४०,१८६ | | |
| **अन्य आय** | १७,१३,०९,५२४ | | |
| **कुल आय** | ७१,७९,६१,१४९ | **कुल खर्च** | ७४,९९,७८,७१७ |
| **बाँकी मौज्दात** | | ११,८५,००,६८३ | |

| | | | | |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु | |

यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा १४९.०३ क्षेत्रफल तथा २७५५५ जनसंख्या रहेको छ।

२ **लेखापरीक्षण**

लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ ।

३ **वित्तिय विवरण**

प्राप्तीभुक्तानी हिसाव

| विवरण | यस वर्ष रु. | | | |
|---|---|---|---|---|
| | बजेट | आफैले गरेकोप्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | ६०९५३२५५२.३ | ५९३३६१६३७.४४ | | ५९३३६१६३७.४४ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ५७८६१८००० | ५६००५१७५०.४६ | ० | ५६००५१७५०.४६ |
| ११००० कर | ८९४८९००० | ९११९३००४.०७ | ० | ९११९३००४.०७ |
| १३००० अनुदान | ४७६७७९००० | ४५२५९११५५ | ० | ४५२५९११५५ |
| संघीय सरकार | ४३९४४३००० | ४२३४४३००० | ० | ४२३४४३००० |
| प्रदेश सरकार | ३३७३६००० | २६१३५५६५ | ० | २६१३५५६५ |
| अन्तरिक श्रोत | ० | ० | ० | ० |
| जनसहभागिता | ३६००००० | ३०१२५९० | ० | ३०१२५९० |
| १४००० अन्यराजस्व | १२३५०००० | १५४६७५९१.३९ | ० | १५४६७५९१.३९ |
| ख. अन्यप्राप्ति | ३०९१४५५२.३ | ३३३०९८८६.९८ | | ३३३०९८८६.९८ |
| वितरण गर्नबाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | ३०९१४५५२.३ | २९२८२९७०.३ | ० | २९२८२९७०.३ |
| धरौटी | ० | ४०२६९१६.६८ | ० | ४०२६९१६.६८ |

| | | | | |
|---|---|---|---|---|
| संघीय, प्रदेशसरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ७५७३४८१४२.३ | ६१११२७९६१.६७ | | ६१११२७९६१.६७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ७२६४३३५९० | ५८६८४१४७१.७ | | ५८६८४१४७१.७ |
| २१००० पारिश्रमिक / सुविधा | २१००९५५९० | १९१९०२४७५.३८ | ० | १९१९०२४७५.३८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८६२०३००० | १५६६७७१६६.७ | ० | १५६६७७१६६.७ |
| २५००० सहायता (Subsidy) | ६१७६१११ | ५४५८१११ | ० | ५४५८१११ |
| २६००० अनुदान | ० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १०५५०००० | ४७८६००५.८४ | ० | ४७८६००५.८४ |
| २८००० अन्य खर्च | २८९००००० | २७९४३८७६.२ | ० | २७९४३८७६.२ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २८४५०८८८९ | २०००७३८३६.५८ | ० | २०००७३८३६.५८ |
| घ. अन्यभूक्तानी | ३०९१४५५२.३ | २४२८६४८९.९७ | | २४२८६४८९.९७ |
| कोषहरु | ३०९१४५५२.३ | २३१६७८६७.९७ | ० | २३१६७८६७.९७ |
| धरौटी | ० | ११५४९९५ | ० | ११५४९९५ |
| संघीय, प्रदेशसरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| कट्टी रकमभुक्तानी/दाखिला गर्न बाकी | | -३६,३७३ | | -३६,३७३ |
| ङ. यो वर्षकोबचत (न्युन) | -१४७८१५५९० | -१७७६६३२४.२३ | | -१७७६६३२४.२३ |
| च. गतवर्षकोजिम्मेवारी रकम (अ.ल्या) | | १३६२७७६५९ | | १३६२७७६५९ |
| वर्षान्तकोबाकी रकम (ङ + च) | -१४७८१५५९० | ११८५११३३४.७७ | | ११८५११३३४.७७ |
| बैंक तथा नगदबाकी | | ११८५८६०९४.७७ | | ११८५८६०९४.७७ |

अन्तरसरकारी अख्तियारीतर्फको आम्दानी तथा खर्चः

| आम्दानी शिर्षक | रकम | खर्च शिर्षक | रकम |
|---|---|---|---|
| प्रशासकिय भवन निर्माण | ९४५३३३७ | प्रशासकिय भवन निर्माण | ९४५३३३७ |
| सामाजिक सुरक्षा तथा संरक्षण | १६१८५६१८७ | सामाजिक सुरक्षा तथा संरक्षण | १६१८५६१८७ |
| जम्मा | १७१३०९५२४ | जम्मा | १७१३०९५२४ |

४ **लेखापरीक्षणको क्रममा असुली**

लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता वापत बैकले फिर्ता गर्न बाँकी रकम रु १९९८९३ र दिवा खाजा कार्यक्रममा बढि निकासा भएको रु १५९०० संघिय संचित कोषमा दाखिला भएको।

| | | | | |
|---|---|---|---|---|
| ५ | | | **वित्तिय विवरणको विश्लेषणः**<br><br>**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म=ले=प=फा= नं= २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन।<br>· पालिकाको सुत्रको म ले प फा नं २७२ अनुसार गत वर्षको मौज्दात रु.१५३६५३३०९।०० रहेकोमा कोष तथा धरौटी समेत रु. १५०५१८२५१।०० जिम्मेवारी सारेको छ।पालिकाले यथार्थ मौज्दात एकिन गरी जिम्मेवारी सार्नुपर्दछ।<br>· पालिकाको असार मसान्तसम्मको वैक अनुसार मौज्दात रु.११८५००६८३।५७ रहेकोमा सुत्रको वित्तिय प्रतिवेदनमा ११३४५१०१०।०९ देखाएको छ।पालिकाको वैक तथा श्रेस्ताको मौज्दात फरक सम्वन्धमा वैक हिसाव मिलान गरी अद्यावधिक गर्नुपर्ने देखिन्छ।<br>· पालिकाको धरौटी मौज्दात रु.८७७५०५०।०० रहेकोमा सुत्रको म ले प फा नं २७२ को अनुसुची १५ मा धरौटी मौज्दात रु.४९२२५८०।०० मात्र देखिएको छ।धरौटी मौज्दात फरक देखिएकोले पालिकाको आर्थिक विवरणले यथार्थ अवस्था चित्रण गर्ने अवस्था छैन।<br>· पालिकाको आ व २०७८।७९ को वास्तविक आन्तरिक आय रु.१२६४०१८६।९२ रहेकोमा सुत्रको म ले प फा नं २७२ को अनुसुची ११ मा रु.१०७४६०५९५।०० देखिएको छ। पालिकाले आर्थिक संकेत वर्गिकरण र व्याख्या २०७४ अनुसार आम्दानी तथा खर्च लेखाङ्कन गर्नुपर्ने देखिन्छ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन।<br>· एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन। अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन। | |
| ६ | | | **दिगो विकास** | |
| ६.१ | | | दिगो विकास लक्ष्य आन्तरिकिकरण गरी स्थानीय विकास र समृद्धिका लक्ष्य निर्धारण गरे पाईएन। पालिकाले स्थानिय विकास, सुशासन एवं समृद्धि हासिल गरी नागरिकको सर्वाङ्गिण विकास गर्नको लागि दिगो विकासका लक्ष्यसँग स्थानीय लक्ष्यको तालमेल मिलाउनु पर्दछ। | |
| ६.२ | | | निकायसँग सम्बन्धित आवधिक योजनाको उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रमको वार्षिक बजेटसँग तादम्यता भएको देखिदैन। वार्षिक वजेटले आवधिक योजनाले लिएको लक्ष्यलाई आत्मसात गरी नीति तथा कार्यक्रम एवं वजेट तर्जुमा तथा कार्यान्वयन गर्नु पर्दछ। | |
| ७ | | | **नीति तथा कार्यक्रम र बजेट विच तालमेल**<br><br>यस पालिकाको नीति तथा कार्यक्रममा "उत्पादन र उत्पादकत्वमा जोड दिऔं आत्मनिर्भर बनौं" भन्ने नाराका साथ कृषिजन्य बस्तुहरुका उत्पादनमा जोड दिने, बाँझो रहेका कृषि भूमिको दिगो उपयोगको लागि उपयुक्त योजना तयार गरी कार्यान्यिन गरिने, एक गाउँ एक उत्पादनको नीतिलाई आत्मसाथ गर्दै कृषि उत्पादनमा जोड दिने नीति तय गरिने, गाउँपालिका क्षेत्र भित्र रहेका वन हरियाली, सिमसार, पानीका मुहान खाली क्षेत्र र नदीको तटको उचित व्यबस्थापन गरिने,. वन पैदावरबाट उत्पादित वस्तुहरुको उद्योग (दुना, टपरी, काष्ठकला) निर्माणमा जोड दिइने, एक वार्ड एक महिला सहकारीलाई प्राथमिकतामा राखी महिलाहरुको आयआर्जन र वचत क्षमतामा अभिवृद्धि गरी महिला सशक्तिकरणमा जोड दिइने,सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना कार्यक्रम प्रभावकारी बनाउन बालमैत्री झोला व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने नीति तय गरिने, एक वडा एक गौरवको आयोजना सञ्चालन गर्ने नीति अवलम्वन गरिने, सरकारी तथा गैह्र सरकारी संघ संस्था हरुको समन्वय र सहकार्यमा एक घर एक धारा खानेपानी कार्यक्रमलाई जोड दिइने, गाउँपालिकाका सबै बिद्यालयहरुलाई बाल मैत्री | |

बिद्यालयको रुपमा विकास गर्ने योजना तय गरिने उल्लेख भएपनि सो विषयलाई वजेटले संवोधन गरेको देखिएन। नीति तथा कार्यक्रम र बजेट विच तालमेल गरिनुपर्दछ।

८ **योजना व्यवस्थापन**

**योजना सुची तयार नगरेको:** स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (४) गाउपालिका तथा गाउँपालिकाले योजना बनाउदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्ने व्यवस्था छ । सम्पुर्ण आयोजना तथा योजनाहरु एक वर्षे रुपमा स्वीकृत गरी कार्यान्वयन गरेको देखिन्छ भने कतिपय आयोजनाहरु आर्थिक वर्षमा नसकिएकोमा अर्को वर्षमा सारी क्रमागत योजना भनी कार्यान्वयन गरेको पाईएकोछ। स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउने सन्दर्भमा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्नेमा सो गरेको पाईएन। मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची बनाई विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास तथा कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्दछ।

**योजना तर्जुमा तथा कार्यान्वयन:**स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (३) मा गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त, गर्न सकिने आम्दानी र रोजगार बढ्ने, लागत सहभागिता जुट्ने, स्थानीय श्रोत साधन र सीपको प्रयोग, समावेशी विकासमा योगदान, दीगो विकास र वातावरणीय संरक्षण, स्थानीय भाषिक, सांस्कृतिक विकास जस्ता विषयलाई प्राथमिकता दिनु पर्ने ब्यवस्था छ । सो कुरालाई मध्यनजर गरी आयोजना प्राथमिकता गरेको पाईएन । कानुनमा भएको ब्यवस्था परिपालना गरी दिगो विकास तथा गरिवी निवारणमा सहयोग पुग्ने आयोजना प्राथमिकिकरण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

९ **योजना छनौट तथा कार्यान्वयन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र सं | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | १२५ |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | २०६ |
| ३ | रु ५ लाख एक देखि १० लाख सम्मका योजना | १३ |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ९ |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | ५ |

१० **कार्यक्रम प्रगती:**

पालिकाले तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ। कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्नेयोजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्: (रु हजारमा)

| क्र स | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | नाम्जुङ्ग सेवा समाज ट्रस भवन फिनिसिङ | १०० | ० |
| २ | गाउँपालिकाको मुख्य प्रशासकीय भवन निर्माण | ६६०० | ० |
| ३ | गैरी गाउँ कुसुण्डे अधुरो महिला भवन निर्माण | १०० | ० |
| ४ | ८नं वडा कार्यालय भबन तला थप क्रमागत | ५०० | ० |
| ५ | जनआदर्श युवा क्लब भवन निर्माण | २०० | ० |
| ६ | गाउँपालिका कार्यालयमा सोलार जडान | ५०० | ० |
| ७ | X-Ray मेसिन खरिद | २००० | ० |
| ८ | देउराली वह्याक रानीश्वारा तिनघरे चिसोपानी तिनमाने घैरुङ्ग सडक (संघीय समपुरक) | १९६९ | ० |
| ९ | खानीडाँडा वदेली जरेवर सडक (क्रमागत) | ५०० | ० |
| १० | खाब्दी भञ्ज्याङ्ग चापाबोट सडक स्तरोन्नती (क्रमागत सडक बोर्ड र गा.पा.को साझेदारी) | १५० | ० |
| ११ | झोलुङ्गे पुल बजेट व्यावस्थापन | ३५० | ० |
| १२ | ऐतिहासिक पुरातात्विक सांस्कृतिक महत्त्वको स्थलमा सोलर बत्ती व्यवस्थापन | ९०० | ० |
| १३ | विद्युतिकरण कार्यक्रम (गाउँपालिका) | ५०० | ० |
| १४ | रालीटार ल्हायो डिही तरकारी केरा खेती सिचाई | १७० | ० |
| १५ | रिन्जेलि खानेपानी योजना (क्रमागत) | ५०० | ० |
| १६ | माथिल्लो भाङबारी दलित बस्ती कमेरे खानेपानी मुहान मर्मत | ५० | ० |
| १७ | पुजारी गाँउ देखि फूलबारी सम्म ढुङ्गा बिछयाउने तथा वडा कार्यालय प्रतिक्षालय निर्माण (वडानं. २) | ५०० | ० |
| १८ | सिद्ध लखन भ्यू टावर शौचालय निर्माण | ४०० | ० |
| १९ | कटुवाल डाँडा वाल उद्यान | २०० | ० |
| २० | रिपथोक खेल मैदान | २०० | ० |

| | | | |
|---|---|---|---|
| २१ | प्रथम शहिद लखन स्मारक किल्ला जग्गा खरिद (क्रमागत) | ७३०० | ० |
| २२ | गाउँपालिका स्तरीय शहिद लखन अस्पताल जग्गा व्यवस्थापन | २००० | ० |
| २३ | लुदीखोला पुल जग्गा व्यवस्थापन | ६०० | ० |
| २४ | घैरुङ्ग प्रहरी चौकी जग्गा व्यवस्थापन | १५०० | ० |

११

**कानुन निर्माण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २ नीति २७ ऐन, ४ नियमावली, ३९ कार्यविधि, १ मापदण्ड र ४ निर्देशिका निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

१२

**सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण कार्यान्वयन नभएको:**

पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन।पालिकाले **सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS)** पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।

१३

**चौमासिक पुँजिगत खर्च:**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ।कुल खर्च मध्ये असारमा मात्र रु ७ करोड ७२ लाख खर्च भएको विवरण पेश भएको छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | |
| पूँजीगत खर्च | २०००७४ | २६९३१ | ४५१०४ | १२८०३८ | ७७२०० |
| खर्च प्रतिशत | १०० | १३.४६ | २२.५४ | ६४ | ३८.५८ |
| | | | | | |

१४

**क्षेत्रगत वजेट र खर्च:**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४०९९२००० | ३०१४८६४८.६ | ७३.५५ |
| २ | सामाजिक विकास | ३०४८६८१११ | २६२६१६८१६.४६ | ८६.१४ |
| ३ | पूर्वाधार विकास | २१०७९८८८९ | १४३२५८१०१.६३ | ६७.९५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १६२७३००० | १३१६३३६७ | ८०.८९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५३५०१५९० | १३७६५४५३८.०१ | ८९.६८ |
| कुल जम्मा | | ७२६४३३५९० | ५८६८४१४७१.७ | ८०.७८ |

१५ **वैक हिसाव मिलान विवरण तयार नगरेको:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म=ले=प=फा= नं= २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको विभिन्न खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको देखिएन। पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी श्रेष्ता अद्दावधिक गर्नुपर्दछ ।

१६ **आन्तरिक नियन्त्रण प्रणाली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन

· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

· पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।

· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | · जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>· मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 7(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन।<br>· सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>· यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शिर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन।<br>· वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन।<br>· निजामती सेवा ऐन, 2049 दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन।<br>· आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु= ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,<br>· स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन। | |

| | | | | |
|---|---|---|---|---|
| | | | · वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>· निजामती सेवा ऐन, 2049 को दफा ५ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको,<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको तथा भएकोमा समेत निस्क्रियताको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,<br>· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ क मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>· सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>· निजामती सेवा ऐन, 2049 को दफा 7 (2) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।जसले गर्दा भुक्तानी हुनुपर्ने भन्दा वढी ग्रेड भुक्तानी हुने अवस्था रहेको,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १७ | | | **आन्तरिक लेखापरीक्षणः**<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।कार्यालयले यस वर्ष संघिय सर्शत अनुदानको कोष तथा लेखा नियन्त्रक कार्यालयवाट आन्तरिक लेखापरीक्षण गराएको छ भने पालिकातर्फको आन्तरिक लेखापरीक्षण गराएको छैन। कार्यालयमा आन्तरिक लेखापरीक्षकको दरवन्दी भएता पनि पदपुर्ती नभएको कारण आन्तरिक लेखापरीक्षण हुन नसकेको कार्यालयको भनाई रहेको छ।कार्यालयले समयमै कर्मचारी पदपुर्ती गरी आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ। | |

<table>
<tr><td>१८</td><td></td><td></td><td>सेवा प्रवाहः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता १०९७ वटा, मृत्युदर्ता ३७३ वटा, नाता प्रमाणित ३४५ वटा, घरवाटो शिफारिश ११० वटा, नागरीकता शिफारिश ७३१ वटा वसाइसराइ १११ र अन्य ४५३८ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>कट्टी रकम दाखिला नभएको:<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२।१७ को निर्णयबाट रु. २४२२२।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>आर्थिक साहायताः<br><br>सरकारको बार्षिककार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता रअनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्रक्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापतआर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाकोअभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलब्ध गराउन नहुने व्यवस्थासार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवैकार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालनागर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको चालु खर्चतर्फ नमुना छनौटकोआधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट रु.९ लाख३७हजार आर्थिक सहायतावितरण गरेको देखियो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले ठूलो रकम आर्थिकसहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्थादेखियो।पालिकाले आर्थिक सहायताएंव अनुत्पादक चालुप्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्थाछैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोलेयस्ता प्रकृतिका खर्चमा कटौतीगर्नुका साथै तोकिएकोमापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता रऔषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।पालिलकाकोप्रकोप व्यवस्थापन तर्फको लेखापरीक्षणछनौटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आ= व= मा विभिन्न व्यक्तितथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्<br>
<table>
<tr><td>गो भौ न र मिति</td><td>आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम</td><td>सहायता रकम</td></tr>
<tr><td>३, २०७८/०७/०९</td><td>विभिन्न ११ जनालाई</td><td>१४००००</td></tr>
<tr><td>४, २०७८/०७/०९</td><td>राम माया श्रेष्ठ</td><td>१००००</td></tr>
<tr><td>५, २०७८/०८/१३</td><td>विभिन्न २१ जनालाई</td><td>१६२०००</td></tr>
<tr><td>६, २०७८/०८/१४</td><td>विन्द थापा मगर</td><td>२५०००</td></tr>
<tr><td>७, २०७८/०८/२३</td><td>रुद्र बहादुर थापा</td><td>१५०००</td></tr>
<tr><td>८, २०७८/०८/२३</td><td>हस्त वहादुर थापा</td><td>२००००</td></tr>
</table></td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| ११, २०७८/०९/१० | राजन श्रेष्ठ | २५००० |
| १६, २०७८/१०/२४ | मनमाया गुरुङ्ग | २५००० |
| १७, २०७८/१०/२५ | उदय बहादुर राना मगर | १२००० |
| १८, २०७८/१०/२५ | नुन कुमारी थापा मगर | १०००० |
| २०, २०७८/१०/२७ | सोम बहादुर प्रजा | १२००० |
| २१, २०७८/१०/२७ | सशस्त्र प्रहरी वल नेपाल न. २९ गुल्म गोरखा | १००००० |
| २२, २०७८/११/०१ | मन बहादुर गुरुङ्ग | १०००० |
| २४,२०७८/११/२५ | राजु वस्याल | १०००० |
| २६, २०७८/१२/०९ | सिताराम परियार | ३७००० |
| २७, २०७८/१२/१४ | कृष्ण बहादुर प्रजा र राजु गुरुङ्ग | ३०००० |
| २८, २०७८/१२/१५ | रत्न कुमार श्रेष्ठ | १०००० |
| २९, २०७८/१२/२२ | प्रकाश लामिछाने | १०००० |
| ३०, २०७८/१२/२४ | रामकृष्ण काप्री | १०००० |
| ३१, २०७८/१२/३० | गोमा गुरुङ्ग | १०००० |
| ३२, २०७९/०१/१४ | अमिन वयलकोटी | १०००० |
| ३३, २०७९/०१/२१ | माया वसेल | १५००० |
| ३४, २०७९/०१/२२ | सानु माया सार्की | १०००० |
| ३७, २०७९/०३/०६ | विभिन्न ९ जनालाई | १२५००० |
| ३८, २०७९/०३/१३ | २ जनालाई | ४०००० |
| ४२, २०७९/०३/२२ | लेख बहादुर वि.क. | ७००० |

| | | |
|---|---|---|
| ४६, २०७९/०३/२४ | खड्का बहादुर घर्ती | २०००० |
| ४९, २०७९/०३/२४ | तेज बहादुर गुरुङ्ग | १५००० |
| ५०, 2२०७९/०३/२४ | डिल बहादुर गुरुङ्ग | १२००० |
| जम्मा | | ९३७,००० |

२१ **अनुत्पादक खर्चः**

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक तथा वितरणमुखी प्रयोजनमा रु. १९ लाख ९० हजार खर्च गरेको देखिन्छ।यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो भौ न | कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम | रकम |
|---|---|---|
| १६७ | नवनिर्मित भवन उद्धाटन तथा पुरस्कार वितरण खर्च | २०७७८० |
| १९० | नेपाल कम्युनिष्ट पार्टीलाई आर्थिक सहयोग | २५००० |
| १६६ | रोटरी क्लव अफ गोरखालाई सहयोग | ५०००० |
| ३०९ | माघे सक्रान्ति कार्यक्रम हिमालय देवी युवा क्लव कार्यक्रम खर्च | ३०९००० |
| ६५७ | भिमेश्वर महादेव मन्दिर गुठी व्यवस्थापन मेला व्यवस्थापन | २०६००० |
| ६६९ | खेलकुद सामाग्री वितरण वडा न् ४ | १००००० |
| ५०० | खेलकुद सामाग्री खरिद तथा वितरण | ४९९४६० |
| ८६० | अपाङ्गता सामाग्री वितरण | २९२५६३ |
| ८६५ | दराई चेपाङ वराम समुदाय उत्थान कुर्ची दराज वितरण | ३००००० |
| जम्मा | | १९८९८०३ |

२२ **सार्वजनिक सुनुवाईः**

सरकारी खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन २०७५ को वुँदा नं १८ ले कार्यालयले गर्नुपर्ने काम परामर्शदातावाट गराउने कार्यलाइ निरुत्साहित गर्नुपर्ने उल्लेख छ भने नेपालको संविधानले आर्थिक अनुशासन कायम गर्ने कुरा संघीय सरकारको कानून वमोजिम हुने उल्लेख छ। कार्यालयले गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाई काम परामर्शदाता सहमत मिडिया प्रा लि लाई दिइ रु.१०००००।०० भुक्तानी गरेको छ। कार्यालय आफैले गर्नुपर्ने कार्य परामर्शदातावाट गराउने प्रवृतीमा नियन्त्रण गर्नुपर्दछ।

२३ **करार कर्मचारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ ।कार्यालयको असार महिनाको तलव भुक्तानी प्रतिवेदन अनुसार सेवा करारमा राख्न नमिल्ने पदहरु असिष्टेण्ट सव इन्जिनियर १ जना, अमिन १ जना,साहायक कर्मचारी ४ जना, साहायक कम्प्युटर अपरेटर २ जना, प्रशिक्षक १ जना,अनुगमनकर्ता वडा १ जना, सामाजिक परिचालक ३ जना, अनुगमनकर्ता १ जना सामाजिक परिचालिक २ जना समेत ६१ जना (कार्यालय सहयोगी समेत) करार कर्मचारी राखि मासिक रु.१४१९७७०।०० का दरले वार्षिक रु.१८४५७०१०।०० खर्च लेखेको छ।यसमा सुधार गर्नुपर्दछ।

२४ **कर्मचारी प्रोत्साहन भत्ताः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। स्थानीय तहले सभावाट निर्णय गरी आ व २०७३।७४ देखि आ व २०७७।७८ सम्मको कर्मचारी पुरस्कार भौ नं १४९ वाट २५ जनालाई रु. ६५००००।०० र भौ नं ८८८ वाट ५४ जनालाई प्रोत्साहान भत्ता वापत रु.८२०४३६।०० गरी १४७०४३६।०० खर्च लेखेको छ।कानुनी व्यवस्था वेगर पटके निर्णयका आधारमा प्रोत्साहान भत्ता वितरण गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ।

२५ **अवण्डा वजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित व्यवस्थापिकावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहले यो समपुरक कोष गाउँपालिका शिर्षकमा एकमुष्ठ रु. ४५ लाख राखेकोमा कार्यक्रम तोकेको छैन। बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।

२६ **रकमान्तरः**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २९ मा वजेटमा पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने उल्लेख गरेको छ । यस पालिकाले गाउँसभावाट विभिन्न ७४ खर्च शिर्षकवाट रु.५ करोड ०८ लाख घटाई विभिन्न २०३ शिर्षकमा रु. ५ करोड ५० लाख रकम वढाई कार्यक्रम संसोधन मार्फत विभिन्न शिर्षक तथा योजनामा रकमान्तर गरेको छ ।असारमा वजेट तथा कार्यक्रम वनाउदा यसमा पर्याप्त गृहकार्य नगर्नु तथा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण पटक पटक कार्यक्रम संसोधन भएको देखिन्छ।साथै रकमान्तर रकममा समेत फरक परेको तथा नियममा भएको व्यवस्थाको पालना नभएकोले यसमा सुधार गर्नुपर्ने देखिएको छ

२७ **परामर्श सेवा खरिदः**

पालिकाको कार्यालयले यस बर्ष तपिसलका डि.पि.आर कार्यका लागि विभिन्न परामर्श दातासँग सम्झौता गरी देहायअनुसार परामर्श खर्च लेखेको छ।

| भौ नं | विवरण | परामर्शदाताको नाम | रकम |
|---|---|---|---|
| ४४१ | संगठन तथा व्यवस्थापन सर्वेक्षण | समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टर | ४९७२०० |

| | | | |
|---|---|---|---|
| ५५० | वडा नं ८ वृतचित्र निर्माण | फलानो क्रियसन | १५०००० |
| ५५१ | वडा नं ७ डकुमेन्ट्री निर्माण | फलानो क्रियसन | ५०००० |
| ६२५ | डिजिटल नागरिक वडापत्र निर्माण | क्रिप्टी इनोभेसन प्रा लि | ४९५५०५ |
| ८३० | वडा नं ९ नाम्जुङको डकुमेन्ट्रि | ग्यालोरी मिडिया | १००००० |
| ९११ | गाउँपालिकाको डकुमुण्ट्रि निर्माण | भिमसेन मिडिया एड्भटाइजिङ | २९२००० |
| | जम्मा | | १५८४७०५ |

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

**(क) परामर्श सेवाको लागत अनुमान**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन।

**(ख) वाह्य परामर्शदातावाट काम**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न थुप्रै जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाह्य परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई रु १५८४७०५।०० थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन।

**सोझै खरिद कार्य**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा बीस लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र वीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ। कार्यालयले पालिका भित्रका उपरोक्त योजनाको डि.पि.आर कार्यको लागि २० लाख भित्र पारी लागत अनुमान तयार गरी सोझै खरिद गरी रु १५८४७०५।०० भुक्तानी दिएको छ। पालिकाको एकै प्रकृतीका कार्यको लाग एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि पटक पटक सोझै खरिद कार्य गरेको, पालिकाले गरेको परामर्श सेवाको लागत अनुमान तयार गर्दा माथि उल्लेखित आधार नलिएको र प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेकोले उक्त कार्यको लागि भएको भुक्तानी रकम नियमसंगत देखिएन।

२८ **सफ्टवेयर खरिदः**

कार्यालयले कार्यालयका लागि आवश्यक सामाग्री खरिद गर्दा आवश्यकता तथा औचित्यताका आधारमा प्रयोगको सुनिश्चितता गेरर खरिद गर्नुपर्दछ।पालिकाले यस वर्ष योजना सफ्टवेयर खरिद गरी भौ नं ८५।०७८।०६।२२ वाट मिमोसा टेक सोलुशनलाई रु.७०००००।०० र नक्सापस सफ्टवेयर वापत भौ नं ७५१ वाट एडन इन्जिनियरिङ प्रा लि लाई रु.४९६६३५।०० भुक्तानी गरेकोमा दुवै सफ्टवेयर पुर्ण रुपमा प्रयोग भएको देखिदैन।पालिकाले जनशक्ति तालिम तथा क्षमता विकास गरी सफ्टवेयरको पुर्ण प्रयोग गर्नुपर्दछ।

२९ **राजस्व ढिला दाखिलाः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७६ को नियम २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट र बैंक र कार्यालयवीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोहि वमोजिम गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए दाखिला गर्न वाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत गरी दाखिला गर्न लगाउने र सो भन्दा बढि ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिकाको नमुना छनौट गरी परीक्षण गर्दा वडा न. २ र ८ को कार्यालयबाट संकलन गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।संकलन भएको राजश्व समयमै दाखिला गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ। केही उदाहरण निम्न छ।

| संकलन गर्ने | संकलन मिति | राजस्व रकम | दाखिला मिति |
|---|---|---|---|
| वडा न.२ | २०७८/०४/०१ देखि ३२ सम्म | ४३०३४ | ०५/०७/२०७८ |
| वडा न.२ | २०७८/०५/०१ देखि ३१ सम्म | २३४४२ | ०६/०७/२०७८ |
| वडा न.२ | २०७८/०६/०१ देखि ३१ सम्म | ३८२६५ | ०७/१२/२०७८ |
| वडा न.२ | २०७८/०७/०१ देखि ०८/३० सम्म | ७७३९५ | ०९/१४/२०७८ |
| वडा न.२ | २०७८/०९/०१ देखि ३० सम्म | ४५२५५ | १०/०९/२०७८ |
| वडा न.२ | २०७८/१०/०१ देखि २०७९ असार मसान्तसम्म | ३३८४२७ | ०३/३०/२०७९ |
| वडा न.८ | २०७८/०४/०१ देखि ३२ सम्म | २११०८ | ०५/०७/२०७८ |
| वडा न.८ | २०७८/०५/०१ देखि ३० सम्म | १७५९५ | ०६/१२/२०७८ |
| वडा न.८ | २०७८/०६/०१ देखि ३१ सम्म | ५०१६४ | ०७/०७/२०७८ |
| वडा न.८ | २०७८/०७/०१ देखि ३० सम्म | ३८३३२ | ०८/१०/२०७८ |
| वडा न.८ | २०७८/०८/०१ देखि ३० सम्म | २२८४५ | ०९/०८/२०७८ |
| वडा न.८ | २०७८/०९/०१ देखि १०/३१ सम्म | ६०७८३ | ११/१०/२०७८ |
| वडा न.८ | २०७८/११/०१ देखि १२/३१ सम्म | ७८७७९ | ०२/१३/२०७९ |
| वडा न.८ | २०७९/०१/०१ देखि ०२/३२ सम्म | ११०५१२ | ०३/१९/२०७९ |
| वडा न.८ | २०७९/०३/०१ देखि ०३/३२ सम्म | ८५६३९ | दाखिला नभएको |

३० **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट ४९ लाख ०५ हजार विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानाकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

३१ **अनुगमन तथा भ्रमण खर्चः**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार

<table>
<tr><td></td><td></td><td></td><td>आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. ७५ लाख ५२ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>शहिद शालिक<br><br>शहिद लखन गाँउपालिकाको पर्यटन क्षेत्रको विकास र विस्तार गरी यो क्षेत्रलाई चिनाउने र समृद्धबनाउने पालिकाको नीति रहेकोछ । ५३६।०७९।३।२४ शहिद शालिक अर्धकदको ९ वटा रु.१४०००००। मा र ५४३।०७९।३।२४ शहिद जयसिंह चुमी राना मगरको शालिक निर्माण रु.९९५०००।०० खर्च गरी सहिद पार्कमा प्रतिस्थापना गरेको छ ।इतिहाससँग सहिद र सहिदसँग सम्मान जोडी पुर्खाको कर्मको अनुशरण गरी यसलाई प्रचार प्रसार गरी आन्तरिक पर्यटनसँग जोड्ने नीति अवलम्बन गर्नुपर्दछ । प्रथम सहिद लखन थापाको जन्मस्थल साथै धेरै सहिदको जन्मस्थान भएकोले यो क्षेत्रलाई पर्यटन विकाससँग जोडी विकास र समृद्धि हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>पालिका क्षेत्र वाहिरा अनुदान<br><br>✍ ........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०७९ । १२ । १७ को निर्णयबाट रु. ३११११११ ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>टुक्रा खरिद<br><br>सार्वजानिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । कार्पेट डोरम्याट फर्निचर लगायत विभिन्न सामान सुभम मंगल फर्निचर शोरुमबाट टुक्रा खरिद गरेको देखिन्छ ।टुक्रा खरिद गरेको नियम संगत देखिएन । खरिद योजना बनाई सो को आधारमा खरिद गरिनु पर्दछ ।
<table>
<tr><td>भौचर र मिति</td><td>आपुर्तीकर्ता</td><td>रु</td></tr>
<tr><td>४२।२०७८।७।१२</td><td>सुभम मंगल फर्निचर शोरुम</td><td>४०९६८६</td></tr>
<tr><td>४८।२०७८।७।२६</td><td>सुभम मंगल फर्निचर शोरुम</td><td>९००००</td></tr>
<tr><td>३९०।२०७९।३।१३</td><td>सुभम मंगल फर्निचर शोरुम</td><td>४९८७८२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९९८४६८</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>सोझै खरिदः<br><br>✍ ..........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भइ पेश भएको आधारमा मिति २०७९ । १२ । १७ को निर्णयबाट रु. १४९८८८८ ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>कम करकट्टी गरी भुक्तानीः<br><br>आयकर ऐन २०५८ को दफा ८७ र ८८ मा सेवा शुल्क भुक्तानी गर्दा १५ प्रतिशतका दरले करकट्टी गरी भुक्तानी गर्नुपर्नेन व्यवस्था भएकोमा पालिकाले भौ नं ७८८ वाट रेडियो मनास्लुलाई शहिद लखन रेडियो कार्यक्रम</td><td>४०,५००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>वापतको रु.३०००००।०० भुक्तानी गर्दा पान विलका आधारमा १.५ प्रतिशत मात्र करकट्टी गरी भुक्तानी गरेकोले नपुग कर १३.५ प्रतिशत रु.४०५००।०० असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>विजक विना भुक्तानी<br><br>सार्वजानिक खरिद ऐन, २०६३ को दफा ५७ मा सार्वजानिक निकायले बिल बिजकको भुक्तानी खरिद सम्झौताको अधीनमा रही तोकिए बमोजिम दिनु पर्ने ब्यवस्था छ। बहुउदेश्यीय सभाहल निर्माण क्रेटर कन्ट्रक्सन लाई पाँचौ रनिङ्ग विलको भुक्तानी दिदा ननभ्याटेवल आईटम भनि भुक्तानि गरिएको रु.६८०००।०० को मुल्य अभिबृद्धिकर सहित रु ७६८४०।०० को वील वीजक पेश गर्नु पर्दछ अन्यथा असुल गर्नु पर्दछ। त्यसै गरी देउराली बह्रारानीश्वरा तिनधारे चिसोपानी तिनमाने घैरुङ्ग सडक कार्यको लागि श्री नयाँ बाटो/ न्यू गोरखा मनकामना जेभिले बीमा वापतको प्रथम रनिङ्ग विलबाट रु.४६४००।०० विलविजक विना भुक्तानी गरेकोले सो को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ।<br><br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३७.१</td><td></td><td>०</td></tr>
</table></td><td>४६,४००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>समपुरक अनुदान फिर्ता<br><br>समपुरक अनुदान सम्बन्धि कार्यविधि २०७५को दफा ६ मा आयोजन वा कार्यक्रमको कुल लागतको ५० प्रतिशतसम्म रकम समपुरक अनुदान प्रदान गर्न सक्ने भन्ने ब्यवस्थाछ। देउराली बहाक रानीश्वरा तिनधारे चिसोपानी तिनमाने घैरुङ सडक कार्यको लागि समपुरक अनुदान रु ५२०००००।०० प्राप्त गरी रु. ९११९२७९।७२ जम्मा खर्च भएकोमा समपुरकबाट रु ४५५९६४०।०० खर्च लेख्नु पर्नेमा रु ५२०००००।०० नै खर्च लेखेको छ। संघ र स्थानीय तहको पचास पचास प्रतिशत लगानी खर्च हुनुपर्ने ब्यवस्था अनुसार समपुरक अंश कट्टा गरी बाँकी रकम संधीय सञ्चित कोषमा रु.६४०३६०।०० फिर्ता गर्नु पर्दछ।</td><td>६४०,३६०</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>परामर्श सेवा खरिद<br><br>सार्वजानिक खरिद नियमावली २०६४ को नियम१२३(६)(ख) मा परामर्शदाताले खरिद संझौताको सर्त बमोजिम कार्यसम्पादन नगरेमा सार्वजानिक निकायले विल विजकको भुक्तानी नदिन सक्ने उल्लेखछ।इसेन्सियल इन्जिनियरिङ्क व्यवस्थापन प्रा लि नागर्जुन रानीवनले शहिद लखन गा प वडा नं २ र ३ मनकामना गोरखा ११।४ किलोमिटर ग्रामिण सडकको डिपिआर बनाउने संझौता गरेकोमा १०।५ किलोमिटर मात्र बाटोको डिपिआर तयार गरी कार्य सम्पन्न गरेको जतिको प्रति किलोमिटर रु.४३८२१।०० का दरले रु.४६०१२५।०० भुक्तानी गरेको देखिन्छ। कार्य सम्पन्न पुर्णरुपमा नगरी गरेको भुक्तानी रोक्का राखी पुरा कार्य लगाउनु पर्नेमा कार्य सम्पन्न गरेको जतिको भुक्तानी दिन उचित देखिएन। नियमावलीको पालना गरी कार्यसम्पन्न गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>पेश्की वाँकी:<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछर्यौट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार पेश्की हालसम्म फछर्यौट नगरेकोले उक्त पेश्की फछर्यौट गर्नुपर्दछ।<br><br>
<table>
<tr><th>सि.नं.</th><th>गो. भौ. न.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१८</td><td>गाउँपालिकाको प्रमुख प्रशासकिय भवन</td><td>रविना अविशा विकोन जेभि</td><td>५०५८०००</td></tr>
<tr><td>२</td><td>९७</td><td>देउराली वहाक रानीश्वारा चिसोपानी सडक</td><td>नयाँवाटो न्यू गोरखा मनकामना कन्ट्रक्सन जेभि</td><td>११४५०००</td></tr>
</table></td><td>५७०,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३ | २६० | १ नं वडा कार्यालय भवन | लक्ष्मी कन्ट्रक्सन | २२८००० |
| ४ | ३९८ | ९ नं वडा कार्यालय भवन | गोर्खाली व्रर्दश कन्ट्रक्सन | ६१०००० |
| | | | | ७०४१००० |

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछ्यौंट गर्ने सम्वन्धी व्यवस्था छ। कार्यालयको असार मसान्तसम्मको चालु खर्चतर्फको वैक नगदी कितावको पेश्की महलमा कुल दिएको पेश्की रकम रु.६५१८०००।०० र फर्छिएको रकम रु.५९४८०००।०० मात्र देखिएको र वाँकी पेश्की कसलाई दिइएको भनी पेश्की वाँकीको मास्केवारीमा नदेखिएकोले मास्केवारी र वैक नगदी किताबविचको प्रतिवेदनमा फरक परेको देखिएको रु

४१ **बाटो सफाई** ६७,९२३

बाटोसरसफाई गर्ने कामको लागि वा सडकबाटोमा माटो सोर्ने कार्यको लागि रु ५७.१ प्रति घनमिटर र नरम माटो कटिङ्कको लागि रु ६१.०७ लाग्ने दर विश्लेषणमा उल्लेख छ। माटो फाल्ने तथा सोर्ने तथा सडक सफाईको दर लगाई भुक्तानी हुनु पर्नेमा नरम माटो कटिङ्गको दरले भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

| AS PER Guideline for Estimating Equipment Ownership and Operating Costs (2077) | | | |
|---|---|---|---|
| Ownership charge | 1300 | nrs/hr | |
| fuel | 1484.7 | nrs/hr | 14.14 ltr/hr |
| maintenance | 550 | nrs/hr | |
| servicing | 330 | nrs/hr | |
| crew | 17.96875 | nrs/hr | 0.125 hr |
| Total with 13% vat | 4161.416 | nrs/hr | |

| | Labour (A) | | | | | Equipment (C) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| cl. No: 290 | Unit : 500 m3 | Unit | Qty. | Rate | Amount | Type | Unit | Qty. | Rate | Amount |
| rms No 29. | Skilled | md | 1 | 1150 | 1150 | Hyd | Hr | 6 | 4161.4157 | 24968.49 |
| | Unskilled | md | 3 | 810 | 2430 | | | | | |
| | | | | Sub total of A = | 3580 | | | | Sub total of C = | 24968.49 |
| | | | | Sub total of A + C = | 28548.49 | | | | Unit Rate = | 28548.49 |
| | | | | | | | | | Per M3 | 57.1 |

| गा भ न र मिति | बाटो सरसफाइ | भुक्तानी | हुनुपर्ने दर | फरक | घनमिटर | जम्मा रु |
|---|---|---|---|---|---|---|
| ८४।२०७८।१०।१३ | कच्चासडक सरसफाइ वडा न ६ | ६१।०७ | ५७।१० | ३।९७ | ४४०६ | १७४९१।८२ |
| ८८।२०७८।१०।२० | कच्चासडक सरसफाइ वडा न २ | ६१।०७ | ५७।१० | ३।९७ | ४८९६ | १९४३७।१२ |
| १३२।२०७८।१२।८ | सडक सरसफाइ वडा न ३ | ६१।०७ | ५७।१० | ३।९७ | ७८०७ | ३०९९३।७९ |
| | जम्मा | | | | | ६७९२३।०० |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४१.१ | | ० |

४२ **सामाजिक सुरक्षातर्फ**

४२.१ **भत्ता वितरण**: सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण लगत कट्टा तोकिएको मितिभित्रै परिचय पत्र अनिवार्य रुपमा नविकरण गरि सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नपर्ने, भत्ता वितरण गर्दा बैक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छालेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार छनः

४२.२ ८४८,९५२

**बाकी रकम फिर्ता नभएको**: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी २०७७ को दफा २६ मा सामाजिकसुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोहि आर्थिक बर्षमा खर्च नभएमा संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकालेप्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा भत्तावडा न. १ देखि ४ सम्म ग्लोवल आइएमई बैंक मनकामना शाखा र वडा न. ५ देखि ९ सम्म प्राइम कमर्सियल बैंक चैरुङ्ग शाखामार्फत वितरण गरी बाँकी रकम रु. १०,४८,८४५ फिर्ता गर्नुपर्नेमा लेखापरीक्षणको क्रममा रु.१९९८९३ मात्र फिर्ता गरेकोले बाँकी रकम रु.८४८,९५२संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| वैकको नाम | अवधी | निकासा रकम | वितरण रकम | वाँङ्की रकम |
|---|---|---|---|---|
| ग्लोवल आइएमई वैक वडा न. १ देखि ४ | प्रथम चौमासिक | १५४७५०६९ | १५४७५०६९ | ० |
| | दोस्रो त्रैमासिक | १५६६५११२ | १५४९५९३६ | १६९,१७६ |
| | तेस्रो त्रैमासिक | १५७७९०६३ | १५७७९०६३ | ० |
| | चौथो त्रैमासिक | १५९९७०९२ | १५९९७०९२ | ० |
| जम्मा | | | | १६९१७६ |
| प्राइम कमर्सियल वैक वडा न. ५ देखि ९ | प्रथम चौमासिक | २४३९२०७५ | २४१६९१०८ | २२२९६७ |
| | दोस्रो त्रैमासिक | २४७४१९५३ | २४५३५३४७ | २०६६०६ |
| | तेस्रो त्रैमासिक | २४७७४२१५ | २४५७३०९५ | २०११२० |
| | चौथो त्रैमासिक | २४९८५२५९ | २४७३६२८३ | २४८९७६ |
| जम्मा | | | | ८७९,६६९ |
| फिर्ता | | | | १९९८९३ |
| जम्मा | | | | ८४८,९५२ |

४३ **मृत्यु पश्चात भत्ता भुक्तानी**: १३१,६८४

सामाजिक सुरक्षा नियमावली २०७६को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सुचिबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नु पर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक भत्ता वितरण गर्दा देहायको व्यक्तिको मृत्यु पश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता सम्वन्धितवाट असुल गरि संघिय संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| सि.न. | लाभग्राहीको प्रकार | लाभग्राहीको नाम | वडा न. | मृत्यु मिति | बढी बुझेको त्रैमासिक | बढी बुझेको रकम |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक | शिव प्रसाद पाण्डे | ३ | ०६/२७/२०७८ | दोस्रो | १२००० |
| २ | जेष्ठ नागरिक | बाघविर थापा | ३ | ०७/०७/२०७८ | दोस्रो | ११०६९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | जेष्ठ नागरिक | गौ कुमारी श्रेष्ठ | ४ | ०६/१६/२०७८ | प्रथम र दोस्रो | १५१९२ |
| ४ | जेष्ठ नागरिक | चन माया थापा | १ | ११/२३/२०७८ | तेस्रो र चौथो | १६९३१ |
| ५ | जेष्ठ नागरिक | पदम कुमारी नराल | १ | ०२/२६/२०७९ | चौथो | ४५३२ |
| ६ | जेष्ठ नागरिक | छविलाल थापा | २ | १०/१२/२०७८ | तेस्रो | ११७२४ |
| ७ | जेष्ठ नागरिक | तोल बहादुर राणा मगर | ७ | ०५/०३/२०७८ | प्रथम र दोस्रो | १९५९१ |
| ८ | जेष्ठ नागरिक | सुनमाया श्रेष्ठ | ७ | ०६/२८/२०७८ | दोस्रो | १२००० |
| ९ | जेष्ठ नागरिक | भावी माया श्रेष्ठ | ७ | १२/०४/२०७८ | तेस्रो | ३४५८ |
| १० | जेष्ठ नागरिक | वुद्धि प्रसाद अंगाई | ८ | ०८/२१/२०७८ | दोस्रो | ५१९७ |
| ११ | जेष्ठ नागरिक | शेर बहादुर श्रेष्ठ | ८ | ०६/१०/२०७८ | प्रथम र दोस्रो | १४६६० |
| १२ | जेष्ठ नागरिक | लाल बहादुर थापा मगर | ५ | ०८/२०/२०७८ | दोस्रो | ५३३० |
| जम्मा | | | | | | १३१,६८४ |

*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२।१७ को निर्णयबाट रु. ६२०८८।- सम्परीक्षण गरिएको ।)*

४४ **खरिदमा ओभरहेड भुक्तानीः** ४३०,८४१

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान सम्वन्धी व्यवस्था गरिएको छासोहि व्यवस्थाअनुसार निर्माण कार्यमा मात्र ओभरहेड राखि लागत अनुमान तयार गर्नुपर्नेमा गर्नुपर्नेमा कार्यालयले देहायवमोजिम झोलुङ्गेपुल निर्माणको लागि स्टिल पार्टस खरिद कार्यको लागत अनुमान देखि भुक्तानी सम्म १० प्रतिशत ओभरहेड समावेश गरी दर विश्लेषण गरी भुक्तानी गरेकोले मालसामान खरिदमा भुक्तानी भएको ओभरहेड रकम असूल गर्नुपर्ने रु

| झोलुङ्गेपुलको नाम | सप्लायर्सको नाम | भुक्तानी रकम | १० प्रतिशत रकम |
|---|---|---|---|
| आ व २०७७।७८ को भुक्तानी | लुम्विनी इन्जिनियरीङ वर्क्स प्रा लि | १११३७७६ | १११३७७ |
| ज्यादुल खोला | जुनकिरी इन्जिनियरीङ प्रा ली | ११२७१०१ | ११२७१० |
| ज्यादुल खोला | जुनकिरी इन्जिनियरीङ प्रा ली | ७२६७६६ | ७२६७६ |
| लुदीखोला तल्लो | जुनकिरी इन्जिनियरीङ प्रा ली | ५९७२३२ | ५९७२३ |
| जराङखोला | जुनकिरी इन्जिनियरिङ प्रा लि | ७४३५४९ | ७४३५४ |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td></td><td></td><td>४३०८४१</td></tr></table></td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>शिर्षक फरक पारी खर्च:<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०७९ । १२ । १७ को निर्णयबाट रु. ५८०१८१ ।- सम्परीक्षण गरिएको ।).</td><td>०</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>मापदण्ड विपरीत खर्च:<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०७९ । १२ । १७ को निर्णयबाट रु. २९७१९० ।- सम्परीक्षण गरिएको ।).</td><td>०</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>तालिम सञ्चालन:<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९ । १२ । १७ को निर्णयबाट रु. ३००००० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>नर्म्स फरक पारी वढी भुक्तानी:<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १० वमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा उक्त कार्यको नर्म्स तथा जिल्ला दररेटका आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले विपद् व्यवस्थापनतर्फ देहायवमोजिम भुक्तानी गर्दा पहिरो पन्छाउने कार्यको नर्म्स प्रयोग गर्नुपर्नेमा माटो खन्ने कार्यको नर्म्स प्रयोग गरी भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु..<br><br><table>
<tr><td>भौ नं</td><td>कामको विवरण</td><td>कामको परिमाण</td><td>प्रयोग दर</td><td>हुनुपर्ने दर</td><td>वढी दर</td><td>वढी भुक्तानी</td></tr>
<tr><td>२४५</td><td>वडा नं ५ पहिरो पन्छाउने कार्य</td><td>९४१९</td><td>६१</td><td>५७</td><td>४</td><td>३७६७६</td></tr>
<tr><td>३४२</td><td>वडा नं ९ सडक सरसफाई</td><td>७८९५</td><td>६१</td><td>५७</td><td>४</td><td>३१५८०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>६९२५६</td></tr>
</table></td><td>६९,२५६</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>कम करकट्टी<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९ । १२ । १७ को निर्णयबाट रु. ४९६० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५० | | | **खर्चका विल भरपाई नभएको:**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संझौता अनुसार सार्वजनिक निकायले बील वा बिजकको भुक्तानी गर्दा शर्त बमोजिम प्राविधिक नाँप जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा पालिकाले भौ नं २२७ वाट मानव सेवा आश्रम गोरखाको वातावरण अनुकुल भौतिक संरचना निर्माणको लागी रु.५११११११।०० खर्च लेखेको छायसरी निर्माण कार्यको लागि रकम भुक्तानी भएकोमा उक्त रकम कुन कुन प्रयोजनमा खर्च भएको हो सोको प्राविधक नाँपजाँच तथा मुल्यांकन पेश गर्नुपर्ने रु. | ५११,१११ |
| ५१ | | | **कृषि अनुदान:**<br><br>सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ। यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन। | १३,६५० |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ४४ | विपन्न वर्गका लागि विउ अनुदान | ३९९६०० |
| ४५ | ५० प्रतिशत अनुदानमा धान मकै गहुँ तोरिको विउ वितरण | १५०२५० |
| ४६ | रैथाने वालि संरक्षण कार्यक्रम | ९९९०० |
| ३८ | वर्षे घाँस तथा विरुवा वितरण | ३३१०० |
| ३९ | वाह्य परिजीवी नियन्त्रणका लागी औषधी खरिद | २४९९९० |
| ४० | पशुपंक्षी उपचारका लागि औषधी खरिद | ३९९१३५ |
| २०९ | ५0 प्रतिशत अनुदानमा च्याउको विउ वितरण | १०८६०० |
| ३२४ | ५० प्रतिशत अनुदानमा मौरिघार वितरण | १८२००० |
| ३२५ | ५० प्रतिशत अनुदानमा मौरिघार वितरण | २१८००० |
| ३३७ | आकस्मिक वालि संरक्षण कार्यक्रम | २५०००० |
| ३५७ | पलाष्टिक पोखरि निर्माण अनुदान | १८५५०० |
| ३८३ | मिनिटिलर वितरण ५० प्रतिशत | १५०००० |
| ३८५ | आन्तरिक परजिवी नियन्त्रणका लागि औषधी खरिद | ३९९८१० |
| ४७७ | वडा नं ३ कृषि तथा पशु कार्यक्रम | १२४००० |
| ६०५ | ५० प्रतिशत अनुदानमा केरा विरा वितरण | ९९५०० |

| | | |
|---|---|---|
| ६२६ | ५० प्रतिशत अनुदानमा गोला सहितको घार वितरण | २००००० |
| ६७० | जग्गा भाडामा लिई खेति गर्नेलाई अनुदान | ९४८७५ |
| ६०५ | मकैको विउ वितरण | ४८३०० |
| ९७ | हिउँदे घाँसको विउ वितरण | २७३००० |
| ७६९ | ५० प्रतिशत अनुदानमा फलफुल विरुवा वितरण | १५५००० |
| ७७१ | कृषि तथा पशु विकास कार्यक्रम वडा नं २ | १६८००० |
| ७७२ | रासायनिक मल ढुवानी | ६३००० |
| ७७५ | वर्षे घाँसका विरुवा वितरण | १६५००० |
| ७९७ | वडा नं ७ मा कृषक प्रोत्साहन | १००००० |
| ८०९ | आकस्मिक वालि संरक्षण | १५०००० |
| ८१२ | वडा नं ८ मा कृषक प्रोत्साहन | १००००० |
| ८१६ | वडा नं ८ महिला समुह आयआर्जन कार्यक्रम | १००००० |
| ८१७ | दलित समुदाय उत्थान कार्यक्रम | ९०००० |
| ८२० | महिला लक्षित आय आर्जन कार्यक्रम | १००००० |
| ८२७ | दलित लक्षित आय आर्जन कार्यक्रम | २००००० |
| ८२९ | भैसि पकेट कार्यक्रम वालेश्वरी भैसि पकेट समिती | ७००००० |
| ८३१ | पशु विकास कार्यक्रम | १००००० |
| | जम्मा | ५८५६५६० |

यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन।

अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

(ख) कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ गाउँपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

<table>
<tr><td></td><td></td><td></td><td>(ग) अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन।साथै वाख्राको खोर सुधार कार्यक्रम, कुखुराको खोर सुधार कार्यक्रम तथा पलास्टिक टनेल निर्माण कार्यमा निर्माण सामाग्री खरिदको विलको आधारमा अनुदान वितरण भएको र निर्माण कार्यको प्राविधिक मुल्यांकन नभएकोले अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन<br><br>(घ) पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रम विभिन्न वडा तथा नगरवाट सञ्चालन गरेको भएता पनी कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ।साथै मापदण्डमा एकरुपता नहुँदा कुनै वडामा एउटै प्रकृतीको कार्यक्रममा लागत सहभागिता र कुनै वडामा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ।<br><br>(ङ) कार्यालयले भुक्तानी दिँदा जिल्ला दररेटका आधारमा भुक्तानी दिनुपर्नेमा कार्यालयले भौ नं ९७ वाट हिँउदे घाँसको विउ वितरण गरेकोमा जिल्ला दररेट रु.९५ भएकोमा खरिद दर रु.१०० प्रयोग गरी भुक्तानी गरेकोमा २७३० के जि घाँसको वढी दर रु.५ का दरले वढी भुक्तानी भएको रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु. 13650<br><br>(च) पालिकाले भौ नं ५२७ वाट नवपालुवा कृषक समुहलाई रु.१४५५००।०० अनुदान उपलब्ध गराएकोमा विल भरपाई परीक्षण गर्दा प्राङ्गारिक मल खरिद, खनजोत, डोरहाजिरी वापतको रु.१३३९८०।०० र विउ खरिदको रु.३९८४०।०० समेतमा कृषकको नगद सहभागिता रु.४५००।०० समावेश गरी रु. १४५५००।०० भुक्तानी गरेको छ।कृषकलाई विउ तथा प्रविधि अनुदानमार्फत उपलब्ध गराउनुपर्नेमा खनजोत भरपाई तथा डोर हाजिरी संलगन गरी अनुदान उपलब्ध गराउने प्रवृतीमा पुर्ण रुपमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>गत वर्षको भुक्तानीः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) तलव, महङ्गी भत्ता, सरुवा भ्रमण खर्च, पोषाक,घरभाडा, सेवा निवृत सुविधा लगायतका शिर्षकमा चालु आर्थिक वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा कार्यालयले संलग्न विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले उक्त नियममा उल्लेख भए वाहेकको देहायवमोजिमका शिर्षकमावजेटमा समावेशलेखा समितीमा छलफल गरी गरी गत वर्षको खर्च लेखि भुक्तानी गरेको छ।पालिकाले कानुनमा भएको व्यवस्थावमोजिम चालु खर्चको दायित्व सारी भुक्तानी गर्ने प्रवृतीमा नियन्त्रण गर्नुपर्दछ।<br><br>
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३</td><td>गत आर्थिक वर्षको वैठक भत्ता</td><td>६८००००</td></tr>
<tr><td>४</td><td>पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च</td><td>६१४७१६</td></tr>
<tr><td>५</td><td>गत आ व को इन्धन तथा भ्रमण खर्च</td><td>११३४०५५</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२४२८७७१</td></tr>
</table></td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>शिक्षण सिकाइ सामग्री एवं कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदानः<br><br>विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.३ मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयका विद्यार्थीका लागि प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवं कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदानमा शिक्षण सिकाइ सामग्री व्यवस्थापनका लागि पुर्व प्राथमिक कक्षाका विद्यार्थीलाइ प्रति विद्यार्थी वार्षिक रु ५०० कक्षा ६-१० को लागि प्रति विद्यार्थी वार्षिक रु २०० र कक्षा ११-१२ को लागि प्रति विद्यार्थी वार्षिक रु २५० दरले अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले पालिका भित्रका सामुदायिक विद्यालयमा अनुदान निकासा गर्दा देहायबमोजिम iemis मा प्रविष्ट भएको विद्यार्थी तथ्याङ्क सङख्या भन्दा बढी विद्यार्थीलाइ रकम निकासा गरेकोले बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु</td><td>७३,२५०</td></tr>
</table>

| कक्षा | Emis विद्यार्थी सङख्या | निकासा भएको विद्यार्थी सङख्या | बढी विद्यार्थी सङख्या | दर | बढी निकासा |
|---|---|---|---|---|---|
| ६-१० | १४०४ | १६१९ | २१५ | २०० | ४३००० |
| ११-१२ | १९६ | ३१७ | १२१ | २५० | ३०२५० |
| | जम्मा | | | | ७३२५० |

५४ **विद्यालय सुधार योजना तथा लेखापरीक्षण अनुदानः** ५१५,०००

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था छायस वर्ष पालिकाले ४६वटा विद्यालयमा सामाजिक तथा आर्थिक लेखापरिक्षण बापत रु ५१५०००।-निकासा गरी खर्च लेखेकोमा निकासा भएको विद्यालयबाट आर्थिक वर्षको सामाजिक तथा आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले सामाजिक आर्थिक लेखापरीक्षण गराइ सोको प्रमाण पेश गर्नुपर्ने रु

५५ **यातायात खर्च** ०

*........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।१७ को निर्णयबाट रु. ४९००।- सम्परीक्षण गरिएको ।)*

५६ **पालिका अनुदानबाट शिक्षकको तलब भत्ताः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।पालिकाले स्वीकृत दरबन्दी वेगर पालिकावाट तलव भत्ता खाने गरी पालिकाभित्र विभिन्न १८ विद्यालयमा स्वयमसेवक शिक्षक तथा निजि श्रोत शिक्षक नियुक्त गरी विभिन्न भौचरवाट रु.३६६१०००।०० निकासा दिई खर्च लेखेको देखिन्छ। पालिकाभित्रका विद्यालयलयको स्विकृत शिक्षक दरवन्दी पुर्ण रुपमा पदपुर्ती भई शिक्षकहरु कार्यरत रहेको अवस्थामा समेत वडा तथा पालिका कार्यालयवाट निर्णय गरी वजेट विनियोजन तथा रकमान्तर गरी विद्यालयलाई विभिन्न शिर्षकमा अनुदान दिइएको देखिन्छ।अनुदान पश्चात सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक सुधारको सम्वन्धमा अनुगमन गरी सुधार नभएको विद्यालयलाई गाउँपालिकाको आन्तरिक स्रोतको अनुदान निकासा नदिने वा रोक्का गर्ने सम्वन्धमा अनुगमन तथा मुल्यांकन भएको देखिदैन।पालिकाले सार्वजनिक स्रोतको खर्चपश्चात सोको प्रतिफलको अध्ययन गरी पुन सोही शिर्षकमा अनुदान निकासा गर्नुपर्ने देखिन्छ।

५७ **सट्टा शिक्षकको तलवः** ४७९,८८०

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको व्यवस्था रहेको छ।जसअनुसार स्थानीय तहले आधारभुत तथा माध्यामिक तह सम्मको शैक्षिक व्यवस्थापन, शिक्षक दरवन्दी मिलान, परिक्षा व्यवस्थापन जस्ता कार्यहरु गर्नुपर्ने देखिन्छ।स्थानीय सरकार सञ्चालन ऐन पश्चात स्रोत केन्द्र सम्वन्धी व्यवस्था खारेज भएता पनि पालिकाले स्रोतव्यक्तिको रुपमा मनकामना माध्यामिक विद्यालयका शिक्षक मोहनराज विष्टलाई पालिकामा कामकाज गर्ने गरी सरुवा गरी निजको सट्टामा मञ्जु थापालाई नियुक्ति गरी तलव भत्ता शिर्षकमा मासिक ३७९९० र मंहगी भत्ता २००० का दरले ४७९८८०।०० खर्च लेखेको देखिन्छ।यसरी

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाको शिक्षा महाशाखामा कर्मचारी व्यवस्थापन भइसकेपश्चात पनि पालिकामा व्ययभार पर्नेगरी सामुदायिक शिक्षकको योग्यता, अनुभव, सेवा आयोगको छनौट प्रक्रिया फरक भएको अवस्थामा समेत शिक्षक नियुक्ति गरी तलव भत्ता भुक्तानी दिएको रकम नियमित नदेखिएको रु. | |
| ५८ | | | **एक विद्यार्थी एक कार्यक्रम:**<br><br>८८२।०७९।०३।२३ स्थानीय सरकार सञ्चालन ऐनको दफा ११(ज) स्थानीय सरकारको आधारभुत तथा माध्यामिक विद्यालय अन्तर्गत काम कर्तव्य र अधिकारको व्यवस्था गरिएको छाजसअनुसार स्थानीय तहले आधारभुत तथा माध्यामिक विद्यालयको शैक्षिक व्यवस्थापन तथा शिक्षण सिकाईलाई जोड दिएको छापालिकाले यस वर्ष विभिन्न ३ विद्यालयमा एक विद्यालय एक सिप कार्यक्रम भनी भौ नं ८८२।०७९।०३।२३ वाट ३०००००।०० खर्च लेखेको छामनकामना मा वि मा व्युटिसियन नियुक्ती गरी व्युटिसियन तालिम वापत रु.१२५०००।०० रामेश्वरी मा वि मा वाजा खरिद वापत रु.५००००।०० र जनशक्ति मा वि मा कपाल काट्ने तालिम तथा मौरी घार खरिद वापत रु.१२५०००।०० निकासा दिएको छापालिकाले विद्यार्थीको क्षमताको विश्लेषण गरी तथा शिक्षण सिकाईका आधारभुत विषयहरुमा खर्च गर्ने गरी कार्यक्रमहरु तय गर्नुपर्ने देखिन्छ। | |
| ५९ | | | **ल्यापटप खरिद**<br><br>कार्यालयले कम्प्युटर, ल्यापटप लगायत मेशिन औजार खरिद गर्दा सम्बन्धित प्राविधिकबाट स्पेसिफिकेसन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएर बजारबाट कोटेशन माग गरी सबैभन्दा कम मूल्यको सामान खरिद गर्नुपर्ने साथै स्पेफिसिफिकेसन बमोजिमको सामान प्राप्त भए नभएको सुनिश्चित गर्नुपर्दछ। त्यसै गरी खरिद गरेको सामानलाई मूल जिन्सी खातामा आम्दानी बाँध्नु पर्दछ ।गो भौ नं ३०२।२०७९।०३।२१ मा मनकामना आयुर्वेद औषधालयले एबसोल्युट कम्प्युटर एण्ड मोबाइल हाउसबाट रु १०४०००।०० को लेनोभो ल्यापटप कोट्सन बेगर तथा स्पेसिफीकेसन तयार नगरी खरिद गरेको साथै औषधालयको सहायक जिन्सी खातामा दाखिला गरेको छ ।कार्यालयुले खरिद गरेका सबै जिन्सी सामग्रीलाई मूल जिन्सी खातामा दाखिला गर्नुपर्दछ। यसरी स्पेसिफिकेसन तयार नगरी तथा बजारबाट दररेट नलिइ गरेको खरिदलाई नियमित मान्न नसकिएको रु.... | १०४,००० |
| ६० | | | **सामी परियोजना** | |
| ६०.१ | | | सुरक्षित आप्रवासन परियोजनाको लागि एकीकरण नेपाल, गोरखासँग मिति २०७६।१२।०९ गते मिति २०७८।०३।३२ सम्म लागु हुने Standard form of contract गरेको छ। जसमा सम्झौताको अवधिमा पनि प्रत्येक वर्ष सम्झौतालाई नविकरण गर्नुपर्ने व्यवस्था रहे अनुसार शहिद लखन गाउँपालिकाले २०७७/०४/१ मा सम्झौता नविकरण गरी आर्थिक शर्त तथा सम्झौताको गुणस्तर अभिवृद्धिको लागी मिति २०७६।१२।२९ गते भएको सम्झौतामा उल्लेख गरिएको कार्यशर्तनामा अनुसार नै लागू हुने गरी पत्राचार गरेको छ। लेखापरीक्षणको क्रममा उक्त सम्झौता माग गर्दा पेश नभएकोले सुरुवाती सम्झौता रकम तथा कार्यशर्तनामावारे एकिन हुन सकिएन ।कार्यालयले यस वर्ष एकीकरण नेपालसँग रु.१९९९७७७.८६ को सम्झौता गरी एकीकरण नेपालले पेश गरेको संक्षिप्त बिलका आधारमा रु. १९८४८३१.९ भुक्तानी गरेको छ। कार्यालयले यस वर्ष गरेको नविकरण सम्झौतामा उल्लेख गरिएका विभिन्न कार्यक्रमहरु वापतको रकम समेत भुक्तानी भएकोमा कार्यक्रम भए नभएको सम्बन्धमा सम्पूर्ण कार्यक्रमको विस्तृत विवरण पेश नगरी संक्षित कार्यप्रगतिका आधारमा बिल भुक्तानी भएको देखिन्छ। एउटै सस्थाले विभिन्न पालिकामा सम्झौता गरी जिल्लास्तरमा गरेको संयुक्त कार्यक्रमहरुको लागत अनुमान तथा खर्च विवरण संक्षिप्त प्रतिवेदनका आधारमा भुक्तानी गरेकोले दोहोरो पर्न सक्ने अवस्था समेत देखिन्छ। यस सम्बन्धमा गत विगत वर्षमा भएको लक्ष्य प्रगतीको समेत मुल्यांकन गरी एकै कार्यक्रमको लागी फरक फरक पालिकावाट दोहोरो भुक्तानी नभएको सुनिश्चितता गरी सम्झौताको कार्यन्वयन गर्नुपर्ने देखिन्छ। साथै संस्थाले आफ्नो कामको विस्तृत विवरण पेश नगरि संक्षिप्त कार्यप्रगतिका आधारमा बिल भुक्तानी गरेको देखिएकोले उक्त कार्य प्रभावकारी रुपमा संचालन भए नभएको एकिन हुन सकिएन। | |
| ६०.२ | | | मूल्य अभिवृद्धि कर कट्टी र दाखिला: मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) (आर्थिक ऐन, २०७६ वाट संसोधन) वमोजिम सरकारी निकाय तथा संघ सँस्थाहरुले करार गरी खरिद गरेको बस्तु तथा सेवाको बिल भुक्तानी गर्दा मूल्य अभिवृद्धि करको ३० प्रतिशत कट्टा गरी सम्वन्धीत आपूर्तकको नामवाट मूल्य अभिवृद्धि कर शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा एकीकरण नेपाल गोरखालाई गरेको निम्न भुक्तानीमा निम्नानुसारको मु. अ. कर रकमको संवन्धित आन्तिरक राजश्व कार्यालयवाट मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु ... | ६८,५०१ |

| | | | | |
|---|---|---|---|---|
| ३१।२०७८।०६।२२ | १०।२०७८।०६।२० | ४८८८४५ | ६३५४९ | १९०६४ |
| | ०९।२०७८।०६।२० | | | |
| ८९।२०७८।१०।२४ | १५।२०७८।१०।२१ | ३७३४९७ | ४८५५४ | १४५६६ |
| | १६।२०७८।१०।२१ | | | |

| | | | | |
|---|---|---|---|---|
| २५९।२०७९।०३।१९ | ३७।२०७९।०३।१९ | ८९४१४७ | ११६२३९ | ३४८७१ |
| | ३६।२०७९।०३।१९ | | | |
| जम्मा | | | | ६८५०१ |

| | | | | |
|---|---|---|---|---|
| ६१ | | | **घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी तालिम तथा अभिमुखीकरण**<br><br>प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेशद्वारी निर्धारित तालिम तथा कार्यक्रम सम्बन्धी खर्चको मापदण्ड बमोजिम तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालिम सबै प्रकारका तालिममा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिम भए सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ ।पालिकाले पदाधिकारी तथा कर्मचारीका लागि मिति २०७८।०९।१० देखि ९।१२ सम्म र्घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी रु२००००० खर्च गरेको छ ।कार्यालयले सञ्चालन गर्ने तालिममा मापदण्डले तोके बमोजिम बाह्य प्रशिक्षकको हकमा कक्षा सञ्चालन तथा कार्यपत्र दुवै कार्य वापतको पारिश्रमिक भुक्तानी गर्न पाउने तर आन्तरिक प्रशिक्षकको हकमा कार्यपत्र वापतको मात्र पारिश्रमिक पाउने व्यवस्थालाई कडाइका साथ लागू गर्नुपर्ने देखिन्छ। | |
| ६२ | | | **औषधी खरिद**<br><br>पालिकाले रु. २७०४६९४।४४ को लागत अनुमान तयार गरी ईबिडिङको प्रकृयाबाट बोलपत्र परेका ८ मध्ये सबैभन्दा घटी रु ९१०९१४।८४ (६६.६% घटी) कबोल गर्ने डालिमा मेडिसेल्स प्रा.लि.सँग मिति २०७८।०७।२८ मा सम्झौता गरी सोही रकम बराबरको खरिद तथा सोही दरलाई आधार मानेर थप रु ४८९०००।०० को खरिद गरेको छ । साथै पालिकातर्फबाट ३ पटकमा १३८७४५६।०० सहित कुल औषधी खरिदमा रु २७८७३७०।०० खर्च गरेको छ ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः ¬ खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो नखुलेको । ¬ आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । ¬ आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । ¬ औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । ¬ औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६३ | | | **ईन्टरनेट जडान अनुदान:**<br><br>*.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।१७ को निर्णयबाट रु. १२०००।- सम्परीक्षण गरिएको ।)* | ० |
| ६४ | | | **विद्यालय भौतिक पुर्वाधार अनुदानः**<br><br>विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ११.१.२.४४५ मा तोकिएका विद्यालयहरुलाई तोकिएको काम सम्पन्न गरी स्थानीय तहले अनुसुची ६ वमोजिम विद्यालयमा भए गरेका निर्माण कार्यको कागजातहरु भौतिक सर्वेक्षण फाराम, लागत अनुमान, सम्झौता,मुल्यांकन प्रतिवेदन, नापि किताव र कार्यसम्पन्न प्रतिवेदन प्राविधिकवाट तयार गर्न लगाई सम्वन्धित साइट इन्चार्ज, इन्जिनियर, विधालयको प्र.अ तथा वि.व्य.स अध्यक्ष वा विद्यालय निर्माण समितीका अध्यक्ष वा प्रमुखको दस्तखत गरी एक प्रति स्थानीय तहमा राख्नुपर्ने व्यवस्था छ।कार्यालयले यस वर्ष भौ नं ३८ वाट २ विद्यालयलाई विद्यालय भौतिक निर्माण अनुदान उपलब्ध गराएकोमा देहायवमोजिक प्राविधिक मुल्यांकन पेश भएकोमा वाँकी कार्य सम्पन्न भएको नापि किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु | २,७७४,६२४ |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>विद्यालयको नाम</td><td>अनुदान निकासा रकम</td><td>हालसम्मको मुल्यांकित काम</td><td>वाँकी काम</td></tr><tr><td>शहिद स्मृती मा वि</td><td>३६००००००</td><td>२१९०९४१</td><td>१४०९०५९</td></tr><tr><td>चण्डिका आ वि</td><td>३६००००००</td><td>२२३४४३५</td><td>१३६५५६५</td></tr></table></td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>पारिश्रमिक कर<br><br>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।१७ को निर्णयबाट रु. ६९३८० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>पाठ्यपुस्तक वितरणः<br><br>......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।१७ को निर्णयबाट रु. १५२४६७।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
</table>